**निर्णयः**

**निर्णय नं. १**

नगरपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गा विभिन्न व्यक्ति तथा संघ संस्थाबाट अनाधिकृतरुपमा प्रयोग, भोगचलन तथा अतिक्रमण गरिएको देखिएको सन्दर्भमा सार्वजनिक जग्गा संरक्षण गर्न अति आवश्यक देखिएको छ । यस अवस्थामा नगरपालिकाका विभिन्न तहका निर्वाचित जनप्रतिनिधीबाट त्यसको शुरुवात गर्नुपर्ने आवश्यकता महशुस गरी जनप्रतिनिधीले सार्वजनिक जग्गा अतिक्रमण नगरेको स्वघोषणा गर्ने तथा आगामी दिनमा सार्वजनिक जग्गा अतिक्रमण, भोगचलन तथा प्रयोग नगर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो । साथै जनप्रतिनिधीबाट कहीँ कतै सार्वजनिक जग्गा अतिक्रमण, भोगचलन तथा प्रयोग भएको गुनासो प्राप्त हुन आएमा तत्काल नापजाँच गर्ने व्यवस्था मिलाई सत्य तथ्य सार्वजनिक गर्ने निर्णय गरियो । साथै उक्त कार्यमा सहयोग गर्न तथा स्वघोषणाका लागि नगरमा क्रियाशिल राजनीतिक दल तथा सामाजिक संघ संस्था, व्यवसायी र व्यक्तिलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

एकीकृत सम्पत्ति कर संकलन तथा व्यवस्थापनका लागि प्रस्ताव भएवमोजिम एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधी २०७५ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

तेश्रो नगर सभामा राजश्व प्रशासन सम्बन्धमा प्रस्तुत गरिने नीतिगत तथा प्रशासकिय पक्षलाई तथ्यपरक बनाई राजश्व प्रशासनलाई प्रभावकारी बनाउन, करका नयाँ क्षेत्र पहिचान गर्न, करको दर र दायरालाई यथार्थमा आधारित तथा समयानुकुल बनाउन न. पा.लाई सुझाव दिनका लागि नगर कार्यपालिकाको आर्थिक विकास समितिको संयोजकत्वमा १ महिनाभित्र नगर कार्यपालिकामा आफ्नो प्रतिवेदन पेश गर्ने तथा राजश्व परिचालन गर्ने सम्बन्धमा नीतिगत, कानुनी, व्यवहारिक सुझाव पेश गर्न तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

संयोजकः श्री गुप्तनाथ भट्टराई<br>
सदस्यः श्री उद्योग वाणिज्य संघ, रत्ननगरका अध्यक्ष<br>
सदस्यः श्री चितवन उद्योग संघका अध्यक्ष<br>
सदस्यः क्षेत्रिय होटल संघका अध्यक्ष<br>
सदस्यः क्षेत्रिय रेष्टुरेण्ट एण्ड वार एसोसियसन नेपालका अध्यक्ष<br>
सदस्यः प्राध्यापक श्री गोविन्द घिमिरे<br>
सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख<br>
सदस्यः नगर प्रमुखले मनोनयन गरेको २ जना<br>
सदस्य सचिवः राजश्व शाखा प्रमुख

**निर्णय नं. ४:**

दोश्रो नगर सभाको निर्णय भए अनुसार नगरपालिकाबाट लक्षित वर्गका क्षेत्रमा विनियोजित हुने रकमलाई उत्पादनमुलक क्षेत्रमा विनियोजन गरी प्रभावकारी तथा नतिजा मुलकरुपमा खर्च हुने गरी व्यवस्था मिलाउने कार्यका लागि लक्षित वर्ग सम्बन्धी कार्यक्रम पहिचान तथा कार्यान्वयनको Modality तय गर्न नगर उप प्रमुखको संयोजकत्वमा तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो । उल्लेखित समितिले कार्यक्रमको आवश्यकता, औचित्यता, श्रोतको व्यवस्थापन तथा लक्षित वर्गमा पार्ने प्रभाव अनुमान सहित,

कार्यान्वयनको Modality समेतको अध्ययन गरी प्रतिवेदन न. पा. कार्यपालिकामा पेश गर्न ३० दिन समयावधि प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. संयोजक श्री विमला देवी दुवाडी, नगर उप प्रमुख, रत्ननगर नगरपालिका
२. सदस्य श्री केशव आचार्य, वडा अध्यक्ष, र. न. पा.१०
३. सदस्य श्री कृष्णहरि परियार, कार्यपालिका सदस्य, र.न.पा. ६
४. सदस्य श्री एन्जिला कुँवर, अध्यक्ष- नवदुर्गा आमा समुह, रत्ननगर १
५ सदस्य श्री पार्वती न्यौपाने, प्रतिनिधी, नेकपा एमाले
६. सदस्य श्री गिता देवकोटा, प्रतिनिधी- नेपाली कांग्रेस
७. सदस्य श्री तिर्थमाया पौडेल, प्रतिनिधी- नेकपा माओवादी
८. सदस्य श्री विष्णु भण्डारी, प्रतिनिधी- विद्यालय व्यवस्थापन समिति
९. सदस्य श्री सपना बोहोरा, अध्यक्ष- नारी जागरण केन्द्र, रत्ननगर ३
१०. सदस्य श्री ज्वाला वन, प्रतिनिधि- मानव अधिकार मंच
११ सदस्य श्री विरन्जना घिमिरे, प्रतिनिधी- उद्योग वाणिज्य संघ, रत्ननगर
१२ सदस्य श्री विना खनाल, प्रतिनिधी- यूनिक वचत तथा ऋण सहकारी संस्था, रत्ननगर २
१३. सदस्य श्री सिमा रसाईली, प्रतिनिधी- दलित समाज
१४ सदस्य श्री जयन्ती रिजाल, प्रतिनिधी-सरोकार समुह, रत्ननगर
१५ सदस्य श्री निर्मला दंगाल, प्रतिनिधी- चेतनशील आमा समुह, रत्ननगर १२
१६. सदस्य श्री सोनिया चौधरी, प्रतिनिधी- आधारशिल महिला समुह
१७. सदस्य सचिव श्री सिता खनाल, महिला तथा बालबालिका शाखा, र. न. पा. कार्यालय

**निर्णय नं. ५:**

रत्ननगर शिक्षा ऐन २०७४ को व्यवस्था वमोजिम नगर शिक्षा कार्यक्रमलाई व्यवस्थितरुपमा संचालन गर्नका लागि तपसिल वमोजिम नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. संयोजक श्री नारायण वन, नगर प्रमुख
२. सदस्य श्री विमला देवी दुवाडी, उप प्रमुख
३. सदस्य श्री नवराज ढुंगाना, प्रमुख प्रशासकिय अधिकृत
४. सदस्य श्री तिलक राज पौडेल, वडा अध्यक्ष, र. न. पा. २
५. सदस्य श्री केशव आचार्य, वडा अध्यक्ष, र.न.पा. १०
६. सदस्य श्री सूर्य लामिछाने, चित्रसारी मा.वि., र. न. पा. ८
७. सदस्य श्री मदन पुरी, स्काई राईडर आ.मा.वि.,र. न. पा. १२
८. सदस्य श्री विष्णु पौडेल, शिक्षा विद, र. न. पा. ३
९. सदस्य सचिव श्री राजेन्द्र प्रसाद बराल, शिक्षा अधिकृत, र. न. पा. कार्यालय

**निर्णय नं. ६:**

नगरपालिकाबाट सम्पादित कार्यको विवरण सार्वजनिकीकरण, जनअपेक्षाको पहिचान तथा जनप्रचिनिधीका रुपमा १ वर्षको अवधिमा सम्पादित कामको प्रस्तुतीकरण तथा नागरिक पृष्ठपोषण प्राप्तिका लागि यही मिति २०७५।०२।१० गते दिनको ११:०० बजे नगरपालिका कार्यालय परिसरमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो र यसका लागि विविध शिर्षकबाट रु. २,००,०००।- (दुई लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**
नगरपालिकाको फोहोर मैला व्यवस्थापन तथा Waste to energy को कार्यक्रम संचालन गर्न न. पा. संग आफ्नो स्वामित्वमा जग्गा नभएकोले हाल नगरपालिकाले फोहर व्यवस्थापनका लागि प्रयोग गरिआएको रत्ननगर ११ को पंचकन्या सामुदायिक वनको जग्गालाई Long Term Lease मा उपलब्ध गराउन पंचकन्या सामुदायिक वनलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**
महिला विकास शाखाबाट पेश भएको तपसिल वमोजिमको कार्यक्रमहरु स्वीकृत गरी संचालन गर्ने निर्णय गरियो ।
तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | वजेट |
|---|---|---|
| १. | बाल विवाह अन्त्यको लागि सामुदायिक सचेतना र उद्धवोधन तालिम ( बालबालिका, अभिभावक, शिक्षक, विद्यालय व्य.समिति) | रु. ४०,०००।- |
| २. | वडा तथा नगर स्तरिय बाल संजाल गठन (१६ वर्ष उमेर मुनिका बालबालिका) | रु. ५०,०००।- |
| ३. | परिचालन तालिम कार्यक्रम र महिला संस्था/समितिका पदाधिकारीहरुका लागि नेतृत्व तथा संस्थागत विकास तालिम | रु. १,२०,०००।- |

**निर्णय नं. ९:**

आर्थिक विकास समितिको मिति २०७४।१२।२८ को निर्णयबाट सिफारिस भै आएको कृषि विकास शाखा अन्तर्गतको ५. साना सिंचाई तथा मल बीउ ढुवानी कार्यक्रम अन्तरगत ५.१ भूमीगत डिप तथा स्यालो वोरिङ्ग निर्माण कार्यक्रम तपसिल वमोजिम विनियोजित भए अनुसार नै संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि नं. | आयोजना नाम | नाम | फोन नं. | ठेगाना | उप भोक्ता | क्षेत्रफल | अयोजनाको किसिम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निपनी चौधरी कृषक समुह | सिताराम महतो | | रनपा - १ | १३ | ९ विगाह | पम्पसेट इट्टा लाईनिङ | १००,०००.० | |
| २ | | थर्कनाथ ढुङाना | | रनपा- ३ | ८ | ३ विगाह १२ क. | मोटर र घर | ६०,०००.० | |
| ३ | पुष्पान्जली कृषक समुह | कृष्ण प्रसाद पराजुली | | रनपा - ३ | ११ | ४ विगाहा. | मोटर | ४०,०००.० | |
| ४ | वेल्सी हांजीपुर जल उपभोक्ता समिति | बुद्‌दीराम चौधरी | | रनपा - ३ | ३४८ | ५ विगाह १८ क. | कुलो मर्मत | २००,०००.० | |
| ५ | साना सिचाई कृ. स. हाजीपुर | शुन्दर सान खड्का | | रनपा - ३ | १६ | ४ विगाह | मोटर र घर | १००,०००.० | |
| ६ | कयर खोला जल उपभोक्ता समुह | कृष्ण प्रसाद घिमिरे | | रनपा - ३ | १३ | ५ विगाह ४ क. | बोरिङ | १००,०००.० | |
| ७ | मगरटोल सिचाइ योजना | श्रृषिराम अधिकारी | | रनपा - ५ | - | २ वि.१४ क. | मोटर | ५०,०००.० | |
| ८ | | नविन कुमार चौधरी | | रनपा-६ | ३ | ४ विगाहा २ क. | मोटर | ५०,०००.० | |
| ९ | मनहरा कृषि समुह | गुममाया महतो | | रनपा - ८ | ११ | ४ विगाह | बोरिङ्ग/मोटर र घर निर्माण | १००,०००.० | |
| १० | पंचरत्न जल उपभोक्ता समुह | विनु वास्तोला | | रनपा - ११ जिरौना | - | छैन | इनार मर्मत/मोटर/सक्सनपाइप/हेड तथा पोलथिन पाईप | १००,०००.० | |
| ११ | जिरौना कृषि समुह | खेमराज न्यौपाने | | रनपा- १२ | - | ४ विगाह | बोरिङ | १००,०००.० | |
| १२ | वातावरणमैत्री सि. आ. | चिरन्जीवी | | रनपा-१३ | १० | ४ विगाह | मोटर | ८०,०००.० | |
| १३ | वातावरण मैत्री सिं.आ. | लाल बहादुर भट्ट | | रनपा-१३ | १० | २० विगाह | स्यालो बोरिङ | १००,०००.० | |
| १४ | | रामनाथ घिमिरे | | रनपा - ५ | ८ | ५ विगाह ११ क. | मोटर बोरिङ | ८०,०००.० | |
| १५ | नयां वस्ती सिंचाई | जयबहादुर सापकोटा | | रनपा - ५ | ८ | ४ विगाह | मोटर र घर | ६०,०००.० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | मिठे दमिनि | | रनपा - ५ | | ३४ कठ्ठ | मोटर र घर | १००,०००.० | |
| १७ | | जनुराम चौधरी | | रनपा - ५ | | ५ विघा | मोटर र घर | ८०,०००.० | |
| १८ | मैनाहा भुमीगत सिं.आ. | मनीराम महतो | | रनप- ७ | | ४ विघा ५ क | स्यालो बोरिङ | ७०,०००.० | |
| १९ | | बलीराम घिमिरे | | र न पा १४ | ४० | १८ बिगा ११ क | ड्रिप बोरिङ | ४००,०००.० | |
| २० | शिव शंम्भु ज. उ. स. | एकादत अधिकारी | | र न पा १४ | १८ | १९ बिगा १६ क | ड्रिप बोरिङ | ४००,०००.० | |
| २१ | | तुल बहादुर रायमाझि | | र न पा १६ | - | ११ विगाहा | ड्रिप बोरिङ | ४००,०००.० | |
| २२ | | शिवध्वज थापा | | र न पा १६ | - | १५ विगाहा | कुलो लाईनङ | ७०,०००.० | |
| २३ | रायमाझी टोल विकास संस्था | | | र न पा १६ | - | - | ईनार मर्मत र ३ ईन्च मोटर | ५०,०००.० | |
| २४ | | जोगेन्द्र महतो | | रनपा - ५ | - | माछा पोखरी | मोटर | १००,०००.० | |
| २५ | बुढी राप्ती कृषि मार्ग सिंचाई समिति | डा कोषराज दहाल | | रनपा - ४ | - | ५ विघा ९ क | | २००,०००.० | |
| २६ | ढुंगी सेलो बोरिङ | गोपि प्रसाद खरेल | | रनपा - ५ | - | ४ विघा २ क | मोटर | ५०,०००.० | |
| २७ | | लिलानाथ ढुङाना | | रनपा - ५ | - | २ विघा १२ क | मोटर | ८०,०००.० | |
| २८ | | हरेराम महतो | | रनपा - ३ | - | - | मोटर | ४०,०००.० | |
| २९ | वेल्सी भुमिगत जल उपभोक्ता समिति | वैशाखनी थरूनी | | रनपा - ४ | - | ४ विघा | मोटर | ४०,०००.० | |
| | | राजेन्द्र प्रसाद चौधरी | ९८४५०६३३९२ | रनपा - ८ | ४४ | २०० बिघा | सिंचाईको लागि ट्रान्सफर र हाईटेन्सन लाईन विस्तार | ४००,०००.० | |
| | **जम्मा वजेट** | | | | | | | **३,८००,०००.00** | |

**निर्णय नं. १०:**

यस न. पा. को वडा नं. १४ मा निर्माण हुन लागेको जनजागृती मा. वि. को भवनका लागि आवश्यक पर्ने नक्सापास दस्तुर नगरपालिकाको विविध शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

गामवेशी चेपाङ्ग संरक्षण केन्द्रमा खानेपानी जडानका लागि रु. २३,०००।- (तेईस हजार मात्र) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**
रत्ननगर न. पा. वडा नं. १२ को वडा कार्यालय भवन निर्माणको नपुग रकम रु. २,१९,७५५।९६ र वडा कार्यालय अगाडी ग्रावेल गरिएको रकम रु. ७६,०००।- गरी रु. २,९५,७५५।९६ (दुई लाख पन्चानव्वे हजार सात सय पचपन्न रुपैया पैसा छयानव्वे मात्र) पूँजीगत वजेटबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**
चित्रवन कृषि फर्मलाई यस नगरपालिकाले रत्ननगर न.पा. वडा नं. ९ स्थित जग्गामा अर्गानिक तरकारी खेती गर्नको लागि जग्गा भाडामा उपलब्ध गराएकोमा हाल करार सम्झौताको म्याद समाप्त भएकाले सम्झौता नविकरणका लागि माग भैआएकाले साविक सम्झौता रकममा १०% ले बृद्धि गरी बार्षिक रु. १,६५,०००।- ( एक लाख पैंसट्ठी हजार) मा सम्झौता गरी वार्षिकरुपमा १०% प्रतिशतले बृद्धि हुने गरी पुनः ५ वर्षको लागि सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**
यस न. पा. को २ नं. वडा कार्यालयको मिति २०७५।०१।१४, च. नं. ९६६ को पत्रानुसार आ. व. २०७४।०७५ को वडा वजेटबाट अस्पताल रोड अन्तर्गत लौरीघोलसम्म पीच गर्न भनी छुट्टयाईएको वजेट सो योजना सम्पन्न गर्न नपुग हुने हुँदा सो रकम अस्पताल रोड अन्तर्गतकै सतही नाला निर्माणमा खर्च गर्नको लागि सहमती माग भए वमोजिम सोही अनुसार हुने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**
१३ नं. वडा कार्यालयको मिति २०७५।०१।०९, च. नं १७४७ को पत्रानुसार आ. व. २०७४।०७५ को वडा वजेटबाट तिलक मार्ग पंचकन्या स्कुल पछाडीको बाटोको रु. १,००,०००।-, सुशिल रम्तेलको घरदेखि पश्चिम तर्फको बाटोको जम्मा रु. ५०,०००।- र कृष्ण कायस्थको घरदेखि हिरामणी आचार्यको घरसम्मको बाटोको रु. ८०,०००।- गरी जम्मा रु. २,३०,०००।- (दुई लाख तीस हजार) रकम रकमान्तर गरी साविक वडा नं. १३ को कालोपत्रे सडढक मर्मतका लागि खर्च गर्ने भनी सहमती माग भएकोले सोही अनुसार हुने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
श्री वैरिया मा. वि. को मिति २०७५।१।२० च. नं. ८/२०७५ को पत्रानुसार उक्त विद्यालयको स्तरोन्नतीका लागि प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT) को सम्बन्धनमा पशु विज्ञानतर्फ ३ वर्षे डिप्लोमा (PCL) कार्यक्रम संचालन गर्न लागेकोमा रु. २५,००,०००।- विद्यालयको खातामा जम्मा गर्न सापटी स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**
रत्ननगर नगरपालिकाको मिति २०७५।०१।१२ गतेको निर्णय अनुसार नगर कार्यपालिकाबाट पछि अनुमोदन गराउने गरी तपसिलका विद्यालयहरुको कक्षा स्थगन गरिएकोले उक्त मितिमा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | कायम गरिएको कक्षा | स्थगन गरिएको कक्षा |
|---|---|---|---|---|---|
| १. | श्री पार्वती राष्ट्रिय आधारभूत विद्यालय | रत्ननगर ५, जनकौली | १-३ | शिशु कक्षा | १-३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री आदर्श आधारभूत विद्यालय | रत्ननगर -५, टरौली | १-३ | शिशुदेखि कक्षा १ सम्म | २-३ |

**निर्णय नं. १८**

रत्ननगर नगरपालिका वडा नं. १५ बस्ने श्री मिना धितालालाई यस नगरपालिकाका उप प्रमुखज्यूको गाडी चालककोरुपमा

मिति २०७४।१२।०१ गतेदेखि हल्का सवारी चालककोरुपमा कामकाज लगाउँदै आएकोमा अनुमोदन गर्ने र निजलाई सोही मितिदेखि लागु हुने गरी हल्का सवारी चालक, सहायकस्तर प्रथम तहले पाए सरह पारिश्रमिक पाउने गरी मासिक ज्यालादारीमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस रत्ननगर नगरपालिका वडा नं. ६ स्थित रहेको कृषि कार्यालयको जीर्ण भवन भत्काउन स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस न. पा. क्षेत्रमा नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको विज्ञापनमा तपसिल वमोजिमको विज्ञापन दस्तुर कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | | |
|---|---|---|
| १. | Digital Light Board | रु.२००।- व.फि. प्रति वर्ष |
| २. | Digital 2d – 3d Board | रु.२५०।- व.फि. प्रति वर्ष |
| ३. | Glowsing Board | रु.१५०।- व.फि. प्रति वर्ष |
| ४. | Fles Board | रु.७५।- व.फि. प्रति वर्ष |
| ५. | Wall Paint | रु.२०।- व.फि. प्रति वर्ष |
| ६. | Banner | रु.२००।- प्रति हप्ता |

**निर्णय नं. २१**

रत्ननगर न. पा. वडा नं. २ निवासी गौ प्रसाद श्रेष्ठले बुढीकुलोको छेउमा रहेको आफ्नो जग्गासंग जोडिएको ऐलानी जग्गा समेत भोगचलन गर्दै आएकोमा रत्ननगर न. पा. ले बनाउन लागेको वस पाकर्कको बाटोको लागि ऐलानी जग्गा ९ मिटर बाहेक आफ्नो १.५० मिटर जग्गा दिन सहमत भएको तर उक्त बाटो निर्माण भए पश्चात निजको जग्गामा कुनै पनि नयाँ तथा पुराना भौतिक संरचना निर्माण गर्दा न. पा. को बाटोको मापदण्ड लागु नहुने गरी न. पा. बोर्डबाट निर्णय गराई दिनुहुन भनी निवेदन प्राप्त हुन आएकोमा तपसिल वमोजिम निर्णय गरि जानकारी दिने निर्णय गरियो ।

**तपसिल**

क. उल्लेखित बस पार्कतर्फ जाने ऐलानी जग्गा बाटो कायम नभएको सन्दर्भमा बाटोको मापदण्ड लागु नहुने

ख. निवेदक गौ प्रसाद श्रेष्ठबाट प्राप्त १$^{१}/_{२}$ मी. र बाँकी ऐलानी जग्गामा निज गौ प्रसाद श्रेष्ठलाई मर्का पर्ने गरी बाटोको कित्ता काट नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

नगरपालिकाको तपसिल वमोजिमका कार्यहरु प्रतिष्पर्धा गराई कार्य सम्पादन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१ मूल सडकको Divider मा आफ्नै खर्चमा सोलार राख्न नीजि व्यवसायी संस्थालाई अनुमती दिने र सो वापत १०-१५ वर्षसम्म राज्यबाट प्रतिवन्धित/रोक लगाईएका बाहेकका विज्ञापन सामाग्री राख्ने अनुमती दिने र सो वापत विज्ञापन दस्तुर न. पा. ले लिने गरी सम्झौता गर्ने ।

२. टाँडी चोक, सौराहाचोक, बकुलहर चोकमा गरी जम्मा ४ वटा आफ्नै खर्चमा Bus Pocket राख्न नीजि व्यवसायी अनुमती प्रदान गर्ने र सो वापत रोयल्टी तथा विज्ञापन दस्तुर न. पा. ले लिने गरी सम्झौता गर्ने ।

३. न. पा. ले यस अगाडी लगाएको विज्ञापन कर ठेक्काका लागि गत आ.व. को रेटमा न्यूनतम १००% बृद्धी गरी प्रतिष्पर्धा गराई बढी कबोल गर्नेलाई ठेक्कामा दिने ।

**निर्णय नं. २३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहरुको लागि जारी भएको स्थानीय तहको वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु, वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु मनन गर्दै आगामी आ. व. ०७५।०७६ को वार्षिक योजना तथा वजेट तर्जुमाका लागि विषयगत समिति र वडा कार्यालयहरुमा छलफल तथा योजना छनौट प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २४**

नगरपालिकाको साना सवारी पार्किङ्ग स्थल निर्माणको लागि खोला सोझ्याउने लगायत कार्य गर्न नगरपालिकाको आकस्मिक योजनाबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ः**

नगरपालिकाको सूचना वमोजिम घर नक्सा सुचिकृत तथा अभिलेखीकरण गर्न निम्न घरधनीहरुबाट निवेदन पेश भएकोले सूचीकृत तथा अभिलेखिकरण गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट सार्वजनिक जग्गा, कुलो, मठमन्दिर नपरेको तथा संधियार समेतको जग्गा नचर्चेको भनि सिफारिस प्राप्त भएको र न. पा. को निर्देशन वमोजिम आवश्यकता अनुसार भत्काउने प्रतिवद्धता घर धनीबाट प्राप्त हुन आएकोले सम्बन्धित वडा कार्यालयको सूचीकरण तथा अभिलेखिकरण गरिदिने सिफारिस अनुसार अभिलेखिकरण/सूचिकृत गर्ने निर्णय गरियो । सूचिकृत गर्ने निर्णय सहित प्रमाण पत्र प्रदान गर्न न. पा. प्रमुख प्रशासकिय अधिकृतलाई निर्देन दिने निर्णय गरियो ।

**तपसिल**

| क.स. | नाम र थर | वडा नं | कि.न. | क्षेत्रफल | साविक वडा नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण ब. तमाङ्ग | ९ | ११०१ | ०–०–१५ | देवौली ९ | |
| २ | हाई माया लामा | ९ | ९२७, ९३०, ९३३ | ०–०–१५ | देवौली ३/ख | |
| ३ | कुमारी चौधरी | ९ | २४८ | ०–१०-७ | देवौली | |
| ४ | नानु माया डुम्रे | १४ | २५४, ३४९ | ०-०-४ | पिठुवा | |
| ५ | गोविन्द प्रसाद सुवेदी | ३ | १२५२ | ०-०-१० | पिठुवा ६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | शंकर वावु श्रेष्ठ | ११ | १४४७, १४४९ | ०-१-२.५ | पंचकन्या १ | |
| ७ | गिता नेपाली | १४ | १०२५ १०२१ | ०-०-१० | पिठुवा ५/ख | |
| ८ | मैया प्रजापति | २ | ५४१, ३३९, ५४२ | ०-०-८.५ | देवौली ८ | |
| ९ | पूर्ण बहादुर तमाङ्ग | ७ | १०२६, १२५६, १२५७ | ०-३-७.५ | बछौली | |
| १० | टिका राम तिवारी | ९ | १०२६ | ०-२-११.२५ | देवौली | |
| ११ | चित्र कला घिमिरे | १० | १८४४ | ०-०-८ | पंचकन्या ५/ख | |
| १२ | चिरन्जिवि घिमिरे | १२ | ६७९ | ०-११-१५ | पंचकन्या ८/क | |
| १३ | राजन वावु दंगाल | १३ | २३५ | ०-०-४ | पंचकन्या ९/क | |
| १४ | पुष्पराज पुरी | १६ | ४१४ | ०-३-१२ | पिठुवा २/क | |
| १५ | खोमित्र लामिछाने | १२ | ६६६ | ०-६-५ | पंचकन्या ३/क | |
| १६ | सावित्री श्रेष्ठ | १३ | २२८८ | ४१६.४३ | पंचकन्या | |
| १७ | अगिता भट्ट | ११ | १०१५ | ०-०-१० | पंचकन्या ७/ग | |
| १८ | भिम लक्ष्मी थापा | १२ | १२०७ | ०-१०-४ | पंचकन्या ८/ख | |
| १९ | पम्फा पन्त | १२ | २४२६,२४२८ | ०-१-६.२५ | पंचकन्या २ | |
| २० | दिपेन्द्र महतो | ८ | २३९, ६५८ | ०-१२-१० | देवौली ३/ग | |
| २१ | नवि महमद अन्सारी | २ | २७०८ | ०-०-७.२५ | देवौली २/क | |
| २२ | अर्जुन प्रसाद श्रेष्ठ | १३ | २३१ | ०-०-६.५ | पंचकन्या ९/क | |
| २३ | निर्मल दुवाडी | २ | १५३४, १५३५ | ०-०-६ | देवौली ८ | |
| २४ | पदम राज पाण्डे | १० | २५९४, २५९५ | ०-०-१० | पंचकन्या ६/क | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | मनु दराई | १३ | १६०१ | ०-२-० | पंचकन्या ४ | |
| २६ | तुलसी खत्री क्षेत्री | ८ | २५६ | ०-२-१० | देवौली ३/ख | |
| २७ | ईन्द्र बहादुर नेपाली | ८ | १५६८ | ०-१-२.५ | पंचकन्या ६/ख | |
| २८ | गंगा अधिकारी | १६ | १६३३ | ०-१४-२.५ | पिठुवा १/क | |
| २९ | सृजना देवकोटा | १३ | ३३१८, ३३२९ | ०-१-० | पंचकन्या ५/ख | |
| ३० | तारा देवि दंगाल | १२ | २२८८ | ०-०-१० | पंचकन्या ३/ख | |
| ३१ | सूर्यमान तमाङ्ग | १ | २१५० | ८४.२५ | देवौली २।क | |
| ३२ | झलक कुमारी अधिकारी | १२ | १०३८ | ०-०-१० | पंचकन्या २।क | |